म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ६४ | मंगलबार २५ असोज २०७९ | ने. सं. ११४२ कौलागा | 11 October, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४**
**९८४५०२८४३१**

## मकवानपुरबाट प्रतिनिधिसभामा एकमात्रै महिला उम्मेदवार

# डीनाले रच्लिन् त ईतिहास ?

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुँदैछ । सो निर्वाचनको लागि आइतबार उम्मेदवारी दर्ता कार्य भइसकेको छ ।

मकवानपुरमा दुईवटा प्रतिनिधिसभा र ४ वटा प्रदेशसभाको निर्वाचन क्षेत्र रहेको छ । प्रतिनिधिसभा सदस्यका लागि मकवानपुर क्षेत्र नम्बर-१ मा १६ जनाको मनोनयन परेको छ । त्यसैगरी प्रतिनिधिसभा सदस्यका लागि मकवानपुर क्षेत्र नम्बर-२ मा १० जनाले आफ्नो उम्मेदवारी दर्ता गरेका छन् ।

प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर-१ (क) का लागी १० जना, प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर-१ (ख) का लागी १५ जनाले मनोनयन दर्ता गरेका छन् । त्यसैगरी प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर-२ (क) का लागी ८ जना र प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर-२ (ख) का लागी १० जनाले आफ्नो उम्मेदवारी दर्ता गरेका छन् ।

मकवानपुरमा रहेको दुईवटा प्रतिनिधिसभाको निर्वाचन क्षेत्रमा हालसम्म प्रत्यक्ष रुपमा चुनावी मैदानमा एकमात्रै महिला सहभागी हुँदै आएकी छन् । उनी नेपाली कांग्रेसको केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना हुन् । यसअघिको निर्वाचनहरुमा पनि मकवानपुरबाट निर्वाचनमा प्रत्यक्ष उम्मेदवार बन्दै आएकी डीना मंसिर ४ गते हुने निर्वाचनमा पनि प्रत्यक्ष उम्मेदवारको रुपमा चुनावी मैदानमा उत्रिएकी छन् । प्रदेशसभामा प्रत्यक्ष चुनाव लड्नेमा कुमारी मोक्तान पनि रहेपनि ठूलो दलबाट संघीय चुनावमा सहभागी हुने महिलामा भने डीना मात्रै हुन् । यसअघिको निर्वाचनहरुमा पराजय भोगेकी डीना आगामी निर्वाचनमा विजयी भएमा उनले मकवानपुरको राजनीतिमा एउटा नयाँ ईतिहास रच्ने निश्चित छ । डीना नेपाली कांग्रेसबाट देशभरिमा पाँचजना मात्रै महिला उम्मेदवार भित्रकी एक हुन् । डीनाले अर्थशास्त्रमा स्नातकोत्तर तहसम्म अध्ययन गरेकी छन् ।



स्वतन्त्र विद्यार्थी युनियन पद्मकन्या क्याम्पसको पूर्व सभापति भइसकेकी डीना विगतमा तरुण दल र नेपाल महिला संघमा रहेर पनि काम गरिसकेकी छन् । विद्यार्थीकालदेखि नै राजनीतिमा सक्रिय उनी १४ औं महाधिवेशनमा देउवा प्यानलबाट नेपाली कांग्रेसको सहमहामन्त्रीमा निर्वाचित भएकी हुन् । उनी संविधान सभा निर्वाचन अगाडिसम्म जलस्रोत राज्यमन्त्री थिइन् । यो निर्वाचन जिते उनी संघीय मन्त्री हुने पक्का छ । २०४८ सालको निर्वाचनमा मकवानपुर क्षेत्र नम्बर-२ बाट उम्मेदवार बनेकी उनी तत्कालीन समयमा एमालेका उम्मेदवार विरोध खतिवडासँग पराजित भइन् । यो निर्वाचनमा खतिवडाले १६ हजार ८६९ मत ल्याएर डीनालाई पराजित गरेका थिए । त्यतिबेला डीनाले ११ हजार ५७६ मत पाएकी थिइन् । २०५१ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पनि उनी खतिवडासँगै पराजित भइन् । उक्त निर्वाचनमा खतिवडा १६ हजार १४४ मत पाएर निर्वाचित भएका थिए भने डीनाले ३ हजार ७९२ मत पाएर तेस्रो भइन् । त्यतिबेला राप्रपा अध्यक्ष थापा ११ हजार ८७८ मत ल्याएर दोस्रो भएका थिए ।

२०५६ मा भएको आमनिर्वाचनमा उनी उम्मेदवार बनिनन् । त्यतिबेला क्षेत्र नं.२ बाट कांग्रेसका रामचन्द्र अर्याल 'माइकल' उम्मेदवार बनेका थिए । तर, उनी पनि खतिवडासँगै पराजित भए । २०७४ सालमा भएको निर्वाचनमा पनि डीना पुन: एकपटक खतिवडासँगै पराजित हुन पुगिन् । २०७४ को निर्वाचनमा उनले ३४ हजार ९० मत प्राप्त गरेकी थिइन् भने खतिवडा ४६ हजार ४८१ मतका साथ निर्वाचित भएका थिए ।

हालसम्मको राजनीतिक जीवनमा कांग्रेस पार्टीभित्र राम्रो स्थान बनाए पनि उनले जनताबाट प्रत्यक्ष अनुमोदित हुने अवसर भने पाएकी छैनन् । उठेको जति निर्वाचन लगभग हारेकी डीनालाई यसपटक गठबन्धनको आड छ । आगामी निर्वाचनको उनको कडा प्रतिष्पर्धीको रुपमा राप्रपाका पूर्वसहकर्मीहरु उभिएका छन् । राप्रपाका केन्द्रीय सदस्य दीपकबहादुर सिंह र राप्रपा नेपालका अध्यक्ष कमल थापा डीनाको मुख्य प्रतिष्पर्धी हुन् । थापा नेकपा एमालेको समर्थनमा एमालेकै सूर्य चिन्हबाट उम्मेदवार बनेका छन् ।

विगतमा लामोसमय राप्रपामा सहकर्मीको रुपमा काम गरेका थापा र सिंह एकअर्काविरुद्ध चुनावी मैदानमा उत्रिँदा डीनालाई फाइदा हुने देखिन्छ । राप्रपाको पूर्व अध्यक्ष समेत रहेका थापा र सिंहबीच राप्रपाको मत बाँडिने हुँदा त्यसको लाभ डीनालाई हुने देखिएको हो । केन्द्रबाट एमालेको समर्थन पाएका थापालाई जिल्लामा एमालेले पूर्ण समर्थन गरेको छैन ।

आइतबार थापाले उम्मेदवारी दर्ता गराउँदा उनलाई पार्टीले गरेको समर्थनको विरुद्धमा कार्यकर्ताहरुले एमाले मकवानपुरको पार्टी कार्यालयमा तालाबन्दी र तोडफोड गरेका थिए । त्यसैले मकवानपुरबाट नेपालको ठूलो पार्टीको शीर्ष तहमा नेतृत्व गर्ने डीनालाई यसपटकको निर्वाचन जित्न सहज हुने विश्लेषकहरु बताउँछन् ।

# मकवानपुरमा कुनैपनि उम्मेदवारविरुद्ध उजुरी परेन

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ मकवानपुरमा आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि उम्मेदवारी दर्ता गरेका कुनैपनि उम्मेदवारविरुद्ध उजुरी परेको छैन् ।

कुनैपनि उम्मेदवारविरुद्ध उजुरी नपरेको मुख्य निर्वाचन अधिकृत कार्यालयले जानकारी दिएको छ । हेटौंडास्थित निर्वाचन अधिकृतको कार्यालयमा आइतबार दुई प्रतिनिधिसभा र चार प्रदेशसभा क्षेत्रका लागि राजनीतिक दल र स्वतन्त्रका तर्फबाट ६९ जनाले उम्मेदवारी दिएका थिए ।

दुई वटा प्रतिनिधिसभा क्षेत्रमा २६ जना र ४ वटा प्रदेशसभा क्षेत्रका लागि ४३ जनाले उम्मेदवारी दिएका थिए । उम्मेदवारी दिएका ६९ जनाविरुद्ध उम्मेदवारीविरुद्ध दाबीविरोध गर्ने समयमा नै उजुरी नपरेको हो । आयोगले सोमबार १० बजेदेखि ३ बजेसम्म उम्मेदवारी दिएका विरुद्ध दाबीविरोध गर्ने समय प्रदान गरेको थियो ।

प्रतिनिधिसभातर्फ मकवानपुर क्षेत्र नम्बर १ मा सदस्यमा २ जना स्वतन्त्रसहित १६ जना र क्षेत्र नम्बर २ मा एक जना स्वतन्त्रसहित १० जनाको उम्मेदवारी परेको छ । प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर १ को (क) मा १० जना र (ख) मा १५, प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर २ को (क) मा ८ र (ख) मा १० जनाको उम्मेदवारी थियो ।

# 'अवैध लागूऔषधसहित दुईजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ मकवानपुर प्रहरीले अवैध लागूऔषध सहित दुईजनालाई पक्राउ गरेको छ ।

प्रहरीले हेटौंडा उपमहानगरपालिका वडा नम्बर १५ रातोमाटे विक्रमचोक स्थित भित्री सडक खण्डमा पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको ना २६ प ५८४३ नम्बरको मोटरसाइकलबाट लागूऔषध सहित दुईजनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा हेटौंडा-११ बस्ने ३२ बर्षका बुद्ध गोङ्वा र ११ कै २६ बर्षीय ईन्द्रबहादुर अधिकारी रहेका छन् । उनीहरुले मोटरसाइकलको ट्यांकी भित्र लुकाएर ल्याएको अवस्थामा २६ बोतल वनरेक्स फेला पारेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डीएसपी टेकबहादुर कार्कीले जानकारी दिए ।

पक्राउ परेका दुवैजनालाई जिल्ला प्रहरी कार्यालयमा राखेर आवश्यक अनुसन्धान एवम् कारबाही प्रक्रिया अघि बढाइएको प्रहरीको भनाइ छ ।

विश्वविद्यालय अनुदान आयोग (UGC) बाट
अन्तर्राष्ट्रिय गुणस्तर प्राप्त
**मकवानपुर बहुमुखी क्याम्पसमा**

**स्नातक तहमा भर्ना खुल्यो**

बीबीएसमा लेखाशास्त्र, अर्थशास्त्र र बजारशास्त्र ।



बीएमा नेपाली अंग्रेजी, समाजशास्त्र, ग्रामीण विकास र पत्रकारिता ।
बीएडतर्फ नेपाली, अंग्रेजी, जनसंख्या, स्वास्थ्य, गणित र विज्ञान शिक्षा ।
बीएस्सीतर्फ भौतिकशास्त्र र जीवविज्ञान

भर्ना फारम वितरण भइरहेको छ । यथाशिघ्र फारम भरी भर्ना गर्नुहुन विद्यार्थी वर्गमा अनुरोध गरिन्छ ।

**मकवानपुर बहुमुखी क्याम्पस**
हेटौंडा-२, मकवानपुर
०५७-५२०६२०

दर्ता नं.: ८८४/०६७/०६८

**श्री आफ्नै कृषि सहकारी संस्था लिमिटेड**


हे.उ.म.न.पा.-१, मकवानपुर

**गोप्य सिलबन्दी बोलपत्रद्वारा जग्गा विक्रीको सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०७९।०६।२५*

यस सहकारी संस्थाको मिति २०७८।१०।१४ मा भएको साधारण सभाको निर्णय अनुसार संस्थाको जग्गा बिक्री गर्नको लागि गठित मुल्यांकन समितिको निर्णय र संचालक समितिको मिति २०७९।०३।११ को निर्णय अनुसार यस संस्थाको नाममा भीमफेदी गा.पा. वडा नं १, आँपखोल्सीमा रहेको कित्ता नं. ६८२ को क्षेत्रफल १-१५-० (एक रोपनी पन्ध्र आना) जग्गा बिक्री गर्नुपर्ने भएकोले गोप्य सिलबन्दी बोलपत्रबाट बढाबढमा लिन इच्छुक व्यक्ति, फर्म वा संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । जग्गाको विवरण तथा बोलपत्र सम्बन्धी शर्तहरु निम्न वमोजिम रहेका छन् ।

**१. जग्गाको विवरण** :
हेटौंडा १ को सामरी पुलदेखि करिब १ कि.मि. पूर्वमा रहेको बुंगदल स्याउली बजारबाट उत्तर कप्सेरी जाने मोटर बाटोमा जोडिएको, जिल्ला दुग्ध सहकारी संघको दुग्ध प्रशोधन उद्योग सँगै रहेको जग्गा ।




२. बोलपत्र फाराम हेटौंडा २ मानस चोक नजिकै रहेको यस संस्थाको सम्पर्क कार्यालयबाट रु. ५००। (अक्षरेपि पाँच सय मात्र) फिर्ता नहुने गरी तिरी खरिद गर्न सकिने छ ।
३. बोल पत्र साथ बोलपत्रमा आफूले कबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम (पछि फिर्ता हुने) धरौटी स्वरुप यस संस्थाको नाममा राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखामा रहेको खाता नं. ०१९-१४००२००-१ जम्मा गरी सक्कलै भौचर संलग्न राख्नु पर्ने छ ।
४. सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (कार्यालय समयमा) बोल पत्र पेश गर्न सकिने छ । सूचना प्रकाशित मितिले २३ औं दिनको ३:०० बजे यस संस्थाको सम्पर्क कार्यालयमा बोलपत्र खोलिने छ ।
५. बोलपत्रमा कुनै कैफियत देखिएमा रद्द गर्ने अधिकार यस संस्थामा निहित रहने छ ।

**सम्पर्क नं.** : पुष्पराम थापा (अध्यक्ष) ९८४५०३०७९८ | होमबहादुर राना (सचिव) ९८४५०२९६५० | शम्भुप्रसाद नेपाल (व्यवस्थापक) ९८४५१२५१९९



साझाकुरा

## हाम्रो कुरा

# मानसिक स्वास्थ्यमा ध्यान दिऔं

कोभिड-१९ महामारीको आक्रान्तबाट बल्लतल्ल अगाडि बढ्न खोजिरहेको विश्वमा अनेक प्रकारका मानसिक स्वास्थ्य समस्याहरू थपिएका छन् । सन् २०२२ को विश्व मानसिक स्वास्थ दिवस अक्टोबर १० तारिखको दिन हिजो मनाइयो । यस वर्षको नारा 'असमान विश्वमा मानसिक स्वास्थ्य' भन्ने तय भएको थियो । स-साना कुरामा पनि खित्का छाडेर हाँस्ने बालक हुर्कंदै जाँदा उसको जीवनबाट बालापन अनि त्यो बालकको छवि हराउँछ । ऊ अब हास्न कारण खोज्छ । अब ऊ हाँसोको अर्थशास्त्रको तनावपूर्ण विद्यार्थी हुँदै जान्छ । विद्यालय अनि कलेजका कार्य, कामको तनाव, सम्बन्धको गहिराई अनि जीवनका साध्यहरूले उसको हाँसो शोसेर लाने गर्छन् । बयस्क जीवनको कार्यगत अनि विद्यार्थी पलको अधिकांश हिस्सा काम अनि भागदौडमै बित्छ । बालक होस् या बृद्ध अनि बयस्क नै किन नहोस्, जीवन सबैका लागि समान नहुन पनि सक्छ । तनाव, सीमा, तुलना, संयम अनि हिनताबोध धेरै कुराहरूबीच जीवनले आशाको त्यान्द्रो जोडेको हुन्छ । हामीले सबै गतिविधिलाई सन्तुलनमा राखेर अगाडि बढ्नु जरुरी छ । जीवन केवल उपभोगकर्ता र उपलब्धिको धरोहर मात्र हैन । शून्यताबीच रहेको निरपेक्ष हरेक श्वासहरूको माला गाँसेर बनाइएको जीवनको महत्व पनि बुझ्नु जरुरी छ ।

सूर्य उदाउँदा हाँस्न भुलेको मानिसलाई आजभोलि हाँस्न बैंकमा ब्यालेन्स या राम्रा फोन या अन्य भौतिक अवयवहरू चाहिन्छ । जीवनको खुशी र सन्तुष्टि भौतिक प्राप्ति र प्रतिस्पर्धामा मात्र देख्ने पुस्ताले हाँस्न अनि हँसाउन नजानेको त पक्का हो । अर्कालाई पछारेर आफू अगाडि बढ्नुलाई जितको परिभाषा बनाएका मान्छेको झुण्डले एउटा अस्वस्थ प्रतिस्पर्धाबीच अन्योलको परिधि बनाएका छन् । अनि तनावपूर्ण जीवनको श्रीगणेश पनि त्यहीबाट हुन्छ । यस्ता प्रतिनिधि पात्र बालक जस्ता अरबौं मानिसहरू एक खित्का पनि नहाँसी अनि तनावबीच नै आफ्ना दिन अनि वर्षहरू गुजारिरहेका छन् । आत्महत्या, हत्या, नशा सेवन, दुर्घटना अनि कैयन असरहरू त हाम्रा टोल-छिमेकमै दैनिक सुनिन्छ ।

मानसिक स्वास्थ्यको यिनै मुद्दा अनि परिवेशले ल्याएको चुनौतिलाई विश्वभरि मिलेर सामना गर्न सन् १९९२ देखि हरेक वर्ष १५० भन्दा बढी देशहरूमा विभिन्न कार्यक्रम गरी विश्व मानसिक स्वास्थ्य दिवस मनाइन्छ । यो दिवसले संसारमा मानसिक स्वास्थ्यसम्बन्धी मुद्दाहरू, समस्याहरू अनि उपचारात्मक र प्रतिरोधात्मक तरिकाहरूबारे चेतना जागृत गरिन्छ । मानसिक स्वास्थ्यका मुख्य आधारहरू भनेको मानवीय संवेदनात्मक सहयोग र भावनात्मक प्राथमिक उपचारहरू हुन् । जसरी कुनै दुर्घटनामा परेका ब्यक्तिहरूलाई भौतिक प्राथमिक उपचार गरिएजस्तै भावनात्मक अनि संवेदनात्मक दुर्घटनामा परेका ब्यक्तिहरूलाई तत्कालै सही मानसिक प्राथमिक उपचार गर्न जरुरी हुन्छ । बढ्दो आधुनिकता, बदलिँदो जीवनशैली अनि बढ्दो मानवीय महत्वकांक्षाका कारणले मानिसहरूमा लामो समयसम्मको निराशापन, मानसिक असन्तुलनका कारण आत्महत्या लगायतका समस्याहरू बढिरहेका छन् । जीवन अनमोल छ । यहाँ महत्वपूर्ण कुराहरू जस्तै: धन सम्पत्ति र सुन चाँदीमा मात्र तुलना गर्नु मुर्खता हो । कमाउने र जोगाउने दौडमा कतै हामीले बाँच्न त बिर्सिरहेका छैनौं ? खुशी हुनु र सकारात्मक सोच राख्नु एकदमै ठूलो कुरा हो, मुस्कुराउन र मुस्कान बाँड्न नभुलौं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९१३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज २६ गते बुधबार १२ अक्टोबर २०२२ । कार्तिक कृष्णपक्ष षष्ठी । कौलाथ्व ११४२ ने.सं. । सूर्योदय ५:५९, सूर्यास्त ५:४९ । अन्तर्राष्ट्रिय वृद्ध-वृद्धा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : भाग्यबाट सन्तोष | तुला | : विदेशबाट लाभ |
| वृष | : अनावश्यक झंझट | वृश्चिक | : आफन्तमा विवाद |
| मिथुन | : गृहकलहमा वृद्धि | धनु | : मांगलिक कार्यमा मन |
| कर्कट | : सम्पत्तिबाट लाभ | मकर | : मानसम्मानमा वृद्धि |
| सिंह | : आर्थिक हानि | कुम्भ | : स्थानान्तरणको योग |
| कन्या | : आर्थिक लाभ | मीन | : धर्मबाट सन्तोष |

# कसलाई किन चुन्ने सांसद ?



तपराज जोशी

कसलाई जनप्रतिनिधि छान्ने वा कुन दललाई शासनसत्ताको बागडोर सुम्पिने आम नागरिकको व्यक्तिगत छनोटको विषय हुन्छ । त्यसैले यहाँ निरन्तर सत्ताको नेतृत्व गर्न पाउनु कसैको पनि विशेषाधिकार हुँदैन । शासक निर्विकल्प पनि हुँदैन किनकि यहाँ आम नागरिकलाई असीमित विकल्पहरूमध्येबाट उत्तम विकल्पको छनोट गर्ने सुविधा प्राप्त हुन्छ । त्यसैले प्रजातान्त्रिक व्यवस्थामा कसैले पनि आफूलाई निर्विकल्प ठान्नु व्यक्ति विशेषको मूर्खता मात्र हुन्छ ।

**प्रजातान्त्रिक व्यवस्थामा जनताले स्वतन्त्र तथा निष्पक्ष निर्वाचन मार्फत आफूले योग्य देखेका व्यक्तिलाई निर्वाचित गर्दै आफूमा निहित सार्वभौम अधिकार जनप्रतिनीधि मार्फत राज्य संचालनका लागि हस्तान्तरण गरिन्छ।**

पटक-पटक सत्ता राजनीतिमा असफल भैसकेका व्यक्तिहरू जसले सत्तालाई देश र जनताका लागि नभई निरन्तर आफ्नो व्यक्तिगत तथा पारिवारिक सम्वृद्धिका लागि मात्र उपयोग गरे उनीहरू पुन दोहरिन खोज्नु आफैंमा हास्यास्पद देखिन्छ । हाम्रो देशको राजनीतिमा राणा कालदेखि हालसम्म निरन्तर देखिँदै आएको यो प्रवृति र व्यवहार विश्व प्रजातान्त्रिक परिवेशभन्दा एकदमै पृथक छ किनकि त्यहाँ निरंकुश व्यवस्थाको अन्त्यसँगै नेतृत्वको व्यवहार र प्रवृति पनि फेरिएको पाइन्छ ।

यहाँ भने पटकपटक सांसद, मन्त्री र प्रधानमन्त्री भैसकेका व्यक्तिहरूले सत्ता संचालनमा निरन्तर असफल हुँदा पनि सत्तामोह त्याग्न नसक्नु र सत्तामा पुग्नका लागि जुनसुकै हर्कत गर्न पनि पछि नपर्नु नेपाली राजनीतिको नियति नै बनिसकेको छ । आखिर किन हुन्छ यस्तो ? के आफूबाहेक अरुबाट देशको सम्वृद्धि नहुने देखेर हो ? कि सत्ता आरोहण आफ्नो विशेषाधिकारभित्र पर्ने भएर हो ? वा दलीय नेतृत्वमा अवसरवादी चिन्तन हावी भएर हो ? यी प्रश्नहरू जनमानसमा व्याप्त तर अनुत्तरित प्रश्नहरू हुन् । यी प्रश्नहरूको निरपेक्ष उत्तर खोज्नु उपयुक्त हुदैन, किनकि सही निष्कर्षमा पुग्न यिनीहरूलाई फरकफरक शासन प्रणालीको सापेक्षतामा विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

निरंकुस शासन प्रणालीमा माथिका सबै प्रश्नहरूको उत्तर सहज र सकारात्मक नै आउँछ किनकि सबै प्रकारका अधिनायकवादको एउटै चरित्र हुन्छ । त्यसमा प्रत्येक शासक आफूलाई सर्वश्रेष्ठ देख्छ । त्यसैले ऊ आफूलाई निर्विकल्प मान्दछ र सत्तालाई आफ्नो विशेषाधिकार पनि ठान्दछ । यस परिवेशमा अवसर प्राप्तिनै एकमात्र लक्ष्य रहेको हुन्छ । प्रजातान्त्रिक शासन व्यवस्थामा भने उपर्युक्त प्रश्नहरूको उत्तर नितान्त फरक पाउन सकिन्छ ।

प्रजातान्त्रिक मुलुकमा हरेक नागरिक स्वतन्त्र, सार्वभौम र अधिकारसम्पन्न हुन्छन् । कसलाई जनप्रतिनिधि छान्ने वा कुन दललाई शासनसत्ताको बागडोर सुम्पिने आम नागरिकको व्यक्तिगत छनोटको विषय हुन्छ । त्यसैले यहाँ निरन्तर सत्ताको नेतृत्व गर्न पाउनु कसैको पनि विशेषाधिकार हुँदैन । शासक निर्विकल्प पनि हुँदैन किनकि यहाँ आम नागरिकलाई असीमित विकल्पहरूमध्येबाट उत्तम विकल्पको छनोट गर्ने सुविधा प्राप्त हुन्छ । त्यसैले प्रजातान्त्रिक व्यवस्थामा कसैले पनि आफूलाई निर्विकल्प ठान्नु व्यक्ति विशेषको मूर्खता मात्र हुन्छ । प्रजातान्त्रिक व्यवस्थामा जनताले स्वतन्त्र तथा निष्पक्ष निर्वाचन मार्फत आफूले योग्य देखेका व्यक्तिलाई निर्वाचित गर्दै आफूमा निहित सार्वभौम अधिकार जनप्रतिनीधि मार्फत राज्य संचालनका लागि हस्तान्तरण गरिन्छ । एकपटक निर्वाचित भइसकेका व्यक्तिको भूमिका सन्तोषजनक भएमा पुन: निर्वाचित हुने सम्भावना रहन्छ तर जनताप्रति अनुत्तरदायी व्यक्तिलाई अर्को पटक प्रतिनिधिका रूपमा निर्वाचित गर्ने सम्भावना भने हुँदैन ।

प्रश्न उठ्न सक्छ, जनप्रतिनिधिले त्यस्तो के कार्य गर्नुपर्छ जसका कारण उनीहरू पुन: निर्वाचित हुन सक्छन् ? जनप्रतिनिधिको सबैभन्दा प्राथमिक कार्य हो जनादेशको ससम्मान हुबहु पालना गर्नु । जनताले केकस्तो सामाजिक, आर्थिक वा राजनीतिक परिवर्तन चाहेका छन् अथवा केकस्ता विकास निर्माणका योजना चाहेका हुन् तिनको पहिचान गर्नु । आम नागरिकका चाहना र प्राथमिकताहरूलाई नीतिगत तहसम्म पुऱ्याउनु र राज्यको केन्द्रीय, प्रादेशिक तथा स्थानीय नीति तथा कार्यक्रममा समावेश गर्नु । साथै प्रजातन्त्रका मुलभूत सिद्धान्तहरू नागरिक स्पतन्त्रता र समानताका पक्षमा निरन्तर खबरदारी गर्नु । नागरिकलाई उनीहरूका आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक अधिकारहरू प्राप्त गर्न मद्दत गर्नु, संविधान प्रदत्त नागरिक हक तथा अधिकारहरूको को रक्षा गर्नु र राज्यका नीति कार्यक्रमहरूलाई तल्लो तहसम्मका नागरिकहरू लाभान्वित हुनेगरी कार्यान्वयनमा लैजानु ।

हाम्रो देशको वर्तमान परिवेश भने माथि भनिएभन्दा केही भिन्न देखिन्छ । राजनीतिक दलहरूले जारी गरेका घोषणापत्रहरू निर्वाचनपछि रद्दीको टोकरीमा फालिन्छन् । निर्वाचनका क्रममा बाँडिएका आश्वासनका पोकाहरू तथा मीठा सपनाहरू क्षणभरमै झुटमा परिणत हुन्छन् । परिणाम स्वरुप उमेदवारका लिखित तथा मौखिक सबै वाचाहरू जनस्तरमा ठट्टाको विषय बनिरहेका हुन्छन् । यसले जनताका समस्या समाधान नगरे पनि भरपुर मनोरञ्जन भने दिइरहेको हुन्छ । अब यहाँ अर्को प्रश्न उठ्न सक्छ, आखिर जनप्रतिनिधिहरू के गरेर बस्छन् त पाँच बर्षसम्म ? निर्वाचित भए लगत्तै उनीहरूको पहिलो काम हुन्छ सकभर पहिलो मन्त्रिमण्डलमै मन्त्री बन्ने र यसका लागि हरसम्भव प्रयत्न गर्ने । मन्त्री बनिहाले मन्त्रालय मातहतका ठूलाठूला योजनाहरूमा आँखा गाड्ने, ऱ्याल काढ्ने, सके ती योजना आफ्नै व्यक्तिलाई पार्न खोज्ने, नसके योजना बाँडफाँड अगावै आफ्नो हिस्साको कमिसन लिएर सम्वन्धित निकायलाई योजना कार्यान्वयनको अनुमति दिने । कमिसन दिन अटेर गर्ने कर्मचारीलाई सरुवा गर्ने र उक्त स्थानमा आफ्नो विश्वासपात्रलाई ल्याउने प्रयत्न गर्ने । आफू अनुकुलको व्यक्तिलाई ल्याउन सकिएन भने पनि योजना अनुसारको अग्रिम रकम दिने जोकोही भए पनि सरुवा गरेर आफ्नो मन्त्रालय मातहतमा ल्याउने ।

कथमकदाचित मन्त्री बन्न सफल भइएन भने आफ्नो अनुकुलका व्यक्तिहरूलाई अवसर दिलाउन संसदीय दलभित्र लबिङ् गर्ने, राज्यका निर्णायक तथा महत्वपूर्ण पदमा आफ्ना र आफन्तलाई नियुक्ति दिलाउने, त्यसवापत् उनीहरूबाट चुनाव खर्चका नाममा रकम असुल गर्ने । मन्त्री बन्ने प्रयत्न पनि निरन्तर जारी राख्ने, आफ्नो मन्त्री बन्ने सम्भावना हुँदासम्म मूल नेतृत्वका अगाडि लम्पसार पर्ने, संभावना टर्दै गयो भने स्वदेशी तथा विदेशी शक्तिकेन्द्रसँग मिलेर उनीहरूको निर्देशनमा आफ्नै सरकार ढाल्ने । राजनैतिक अस्थिरता सिर्जना गर्न भरमग्दुर प्रयत्न गर्ने किनकि जति धेरै राजनीतिक अस्थिरता हुन्छ सांसद पद त्यतिनै मूल्यवान हुन्छ । नीति-नियमका कुरा सम्बन्धित ठाउँमा नगर्ने, भाषणमा मात्र सीमित गर्ने किनकि, राज्य जति अस्तव्यस्त भयो सांसदलाई त्यत्ति नै फाइदा हुन्छ ।

यति गर्दागर्दै अर्को निर्वाचन हुने बेला भइसक्छ । यसपटक आफू निर्वाचित भएर पनि मन्त्री बन्न नसकेका कारण केही गर्न नसकेको लाचारी जनतासामु प्रस्तुत गर्ने । विपक्षीलेभन्दा चर्का भाषण गरेर आफूलाई सत्तापक्ष हो कि प्रतिपक्ष हो जनताले चिन्नै नसक्ने गरी उनीहरूका आँखामा छारो हाल्ने र आफू पानीमाथिको ओभानो बन्ने । आफूलाई विकासप्रेमी देखाउन निर्वाचनको संघारमा सरकारी कर्मचारीलाई आफूसँगै टोलटोल घुमाउने, खोलानाला, पुलपुलेसा, सुकुम्बासी बस्ती वरपर नापनक्सा गरेको अभिनय गर्ने, आफ्नो निर्वाचन क्षेत्रका बिरामीको लगत लिने र फलफूल बोकेर अस्पताल अस्पताल चाहार्ने, किसानका घरमा गएर बाली भित्र्याउन मद्दत गरेको अभिनय गर्ने, विकास निर्माण भइरहेको क्षेत्रमा गएर माटो-वालुवा बोकेको र गरिब बस्तीहरूमा राहत बाँड्दै गरेको फोटो सार्वजनिक गर्ने, त्यतिले पनि पुगेन भने आफ्ना चाटुकारहरू प्रयोग गरेर गरिब जनताको मोलमोलाई गर्ने, यसरी समग्रमा साम, दाम, दण्ड, भेद सबैको प्रयोग गर्दै सोझासाझा जनतालाई देखावटी माया र षड्यन्त्रको पासो (मुसेटो)मा फसाउँदै अर्को पटक सबै समस्याहरूको समाधान गर्ने वाचाका साथ पुन: जनमत बटुल्ने ।


विश्लेषण गर्दै जाँदा यी सबै व्यवहार र प्रवृतिका पछाडि मूलभूतरूपमा केही कारणहरू पाउन सकिन्छ । पहिलो, शासकहरू आफ्नो उच्च सामाजिक हैसियत र जीवनस्तरलाई आजीवन निरन्तरता दिन चाहन्छन् । दोस्रो, उनीहरू विगतमा आफूबाट भएगरेका अनियमितता र विकृति विसंगतिका कारण आइलाग्ने खतराबाट जोगिन सत्तामा आफ्नो पकड बनाइराख्न चाहन्छन र सत्तामा आफ्नो पुनरावृत्तिका लागि यथासक्य प्रयास गर्ने गर्दछन् । तेस्रो, उनीहरू धेरै पटक सत्ता आरोहणको रेकर्ड बनाउँदै अन्य शासकभन्दा विशेष देखिन चाहन्छन् ताकि उनीहरूलाई त्यही नाममा विश्वसमुदायले चिनोस् । तर दुखको कुरा शासक वर्गका यी कुनै पनि कारणहरू जनताको आवश्यकता र चाहनासँग सम्वन्धित देखिँदैनन् ।

त्यसैले आम नागरिकले जनप्रतिनिधिको भूमिका नबुझेसम्म विकृति विसंगतिका यी शृंखलाहरू निरन्तर अघि बढिरहने निश्चित छ । प्रजातान्त्रिक परिपाटीमा निर्वाचनमा जनतालाई मताधिकार मात्र नभई जनसरोकारका सबै महत्वपूर्ण मुद्दाहरूको निदान गर्न अन्तिम निर्णय गर्ने अधिकार प्राप्त हुन्छ र राज्यको शक्तिका श्रोत पनि उनीहरू नै हुन्छन् भन्ने बुझाई आम नागरिकमा हुनु आवश्यक देखिन्छ । जनप्रतिनिधि मालिक होइनन् सेवक हुन त्यसैले जनताले निर्वाचनका वेला उनीहरूसँग अघिल्लो कार्यकालमा उनीहरूले गरेका कार्यहरूको फेहरिस्त सप्रमाण माग्न सक्नु पर्छ । पुन निर्वाचित हुनुपर्ने इच्छा कसरी जागृत भयो वा बाध्यता कसरी आइलाग्यो ? फेरि निर्वाचित किन हुनुपर्ने हो ? जस्ता प्रश्न निर्धक्क भएर गर्न सक्नु पर्छ ।

सँगसँगै विगतमा भएगरेका विकृति र विसंगतिमा आफ्नो कुनै भूमिका नभएको पुष्टि गर्न लगाउनु पर्छ । विगतका क्रियाकलाप सन्तोषजनक देखिए मात्र भावी योजना तथा कार्यक्रमको जानकारी लिदै उपयुक्त निर्णयमा पुग्नु पर्दछ । अन्यथा नयाँ विकल्पमा जान पनि तयार हुन सक्नुपर्छ । विगतका गलत प्रवृति र व्यवहारमा परिवर्तन ल्याउन हरेक नागरिकले जिम्मेवार बन्दै मतदान गर्नु आवश्यक देखिन्छ । त्यसपछि मात्र फेरिनेछ शासकीय प्रवृति र व्यवहार अनि छुट्टिनेछ शासक र नेताको भिन्नता ।

(लेखक त्रि.वि.समाजशास्त्र संकायअन्तर्गत 'प्रजातन्त्र र सुशासन' शीर्षकमा विद्यावारिधि अनुसन्धानरत छन् ।) *-साभार: इकागज*

# किसानमारा निकायमाथि कारबाही होला त ?



डा. बद्रीप्रकाश ओझा

पुराणमा एउटा प्रसंग आउँछ, एकजना मानिसले माछा पालेको रहेछ । एक बटुवा पोखरी डिलमा पुग्यो । माछा हेर्‍यो । माछा पौडिएको देखेर मोहित बन्यो । यसै क्रममा माछालाई कुनै मीठो चिज ख्वाउन पाए हुन्थ्यो भन्ने लागेछ । यसो सोच्यो । सबैभन्दा मीठो चिज त चिनी हुन्छ । यी माछालाई चिनी ख्वाउन पाए कति खुशी हुँदा हुन् भन्ने लागेर चिनी किनेर ल्यायो र पोखरीमा हाल्यो । माछा कहाँको नाच्नु र ? भटाभट मरे । परिणाम गलत भयो ।

एमालेबाट एकजना कृषि मन्त्री भए । उनी मार्क्सवादको निकै प्रखर व्याख्याता मानिन्छन् । तीन चार महिना अध्ययनै गरेर एक एक नेता तथा विज्ञसँग छलफल गरे । कृषिमा निकै सुधारका संकेत देखिए । केही कुरा त उनले नयाँ नै सुरु गरे । अलि लामो समय बस्न पाएका भए पक्कै पनि एउटा दूरगामी खाका तयार पार्दथे । त्योमध्येको एउटा हो, धानको न्यूनतम समर्थन मूल्य निर्धारण र सरकारद्वारा धान खरीद । किसानलाई कमसेकम खेतीबाट २५ प्रतिशत नाफा हुने अवस्था मिलाउन उनी कार्यरत थिए ।

सरकारले साना किसान सहकारीमार्फत् फाट्टफुट्ट धान पनि खरीद गर्‍यो । राम्रै सन्देश गएको थियो । तर सरकारलाई त्यतिखेरमात्र आफ्नो ल्याकत थाहा भयो, जब देशभरमा सरकारका कम्पनीहरुसँग मात्र ५० हजार टन क्षमताको भण्डारण व्यवस्था छ भन्ने जानकारी आयो । यसरी सहकारीले किनेको धान खालि जमिनमा त्रिपाल ओछ्याएर राख्नुपर्ने अवस्था आएपछि सरकारले भण्डारणका लागि बजेट पनि छुट्यायो तर हाम्रो कानूनी प्रक्रिया, खरीदका नियम आदिका कारण पैसा ढुकुटीबाट बाहिर निस्कन सकेन ।

मन्त्रीले पद गुमाएसँगै यो अवधारणा सेलायो । धानको मूल्य तोक्ने क्रम त जारी नै छ तर सरकारले खरीद गर्ने प्रक्रिया ओझेलमा पर्‍यो । त्यतिबेला कृषिमा एउटा परियोजना थियो, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना । अझै पनि जीवनको उत्तरार्द्धमा झिमझिम गर्दैछ । उक्त परियोजनालाई ती मन्त्रीले अघि पुराणको बटुवाले माछालाई ख्वाए झैं चिनी ख्वाइदिए । कारण थियो, उनी मार्क्सवादी चिन्तक । निजी क्षेत्रलाई भन्दा सहकारी क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ भन्ने उनको धारणा । व्यक्ति व्यक्ति सम्पन्न हुनुभन्दा सहकारी सम्पन्न भए त्यसका सदस्य स्वत: सम्पन्न हुन्छन् भन्ने उनको धारणा ।

त्यसैले, उनको हातबाट त्यतिबेला चिनी झर्‍यो, जतिबेला उनको टेबलमा त्यस परियोजनाको कार्यविधि आइपुग्यो । नेपाल सरकार र विश्व बैंकबीच भएको सम्झौतालाई बेवास्ता गर्दै मन्त्रीले निजी क्षेत्रलाई कृषिमा अनुदान नदिने निर्णय सुनाए । कार्यविधिबाट निजी क्षेत्रका कृषि उद्यमीलाई अनुदानमा समावेश गर्ने विषय हटाइयो । परियोजनाले चित्त बुझाएन । दाताले पनि चित्त बुझाएनन् तर विभागीय मन्त्रीसँग कसले टक्कर लिने ?

त्यतिबेलाका पशुपन्छी मन्त्रालय हेर्ने सचिव पनि 'अड्काहुवा आद्मी' मानिन्थे । न त पद खालि गर्ने, न त निर्णय गर्ने । फाइल वर्ष दिनसम्म लुकाएको लुकाई गर्ने । बल्लतल्ल निजी क्षेत्रबाहेक सहकारी र समूहका लागि लक्षित गरेर प्रस्ताव मागियो ।

त्यतिबेला प्रस्ताव मागी कार्यान्यवनमा ल्याइएका सहकारी तथा समूहका उपआयोजनाहरु अहिले लगभग सम्पन्न हुने अवस्थामा छन् । कतिपयले अनुदान लिइसके भने कतिपयले पहिलो किस्ता लिइसके र दोस्रोको पनि काम पूरा गरी भुक्तानी पर्खिरहेका छन् ।

यदि निजी क्षेत्रलाई पनि यसैबेला उपआयोजना सञ्चालन गर्ने सुविधा दिइएको भए उनीहरु पनि अन्तिम किस्ताको पर्खाइमा हुन्थे र फैसला हुनासाथ किस्ता पाउँथे । तर आयोजनकै अवधि सकिने बेलामा टार्ने हिसाबले मात्र प्रस्ताव मागिएपछि उनीहरु चिनीको पाकमा डुबेको माछाको अवस्थामा पुगेका छन् । समय हुञ्जेल आयोजनाले किसानलाई दिनुपर्ने अनुदानको काम गर्ने सुरसार कहिल्यै गरेन । सुरुका एक दुई निर्देशकले गाडी, घोडा खरीद र विदेश भ्रमणका काममा शतप्रतिशत प्रगति गरे पनि परियोजना अघि बढाउने काममा सिन्को भाँचेनन् । त्यसपछि आएका निर्देशक बाघजस्ता थिए भनिन्छ । जता जता शिकार, त्यतैत्यतैको काम मात्र गर्ने गरेको उनीमाथि आयोजनाकै कर्मचारी आरोप लगाउँछन् । यदाकदा भेट हुँदा यसो आयोजनाबारे कुरा चल्दा तपाईंलाई केको चिन्ता, चिन्ता गर्ने म छँदैछु नि भन्ने जवाफ दिन्थे ।

यसरी कार्यविधिमै बेवास्ता गर्दै निजी उद्यमीहरुलाई पाखा लगाइयो । बिस्तारै कुरो बुझ्दा त यसअघिको अर्को परियोजनाबाट ती मन्त्रीले पनि अनुदान लिएका रहेछन् । त्यो पनि साझेदारीको निजी कृषि फार्ममार्फत् । तर आफू पदमा पुगेपछि भने निजी क्षेत्रमाथि डण्डा चलाए । कस्तो मार्क्सवाद होला ?

उनी सत्ताबाट हटेपछि फेरि मन्त्रालय नेतृत्वले निजी क्षेत्रलाई पनि अनुदान दिने निर्णय गरी सूचना जारी गर्‍यो । त्यतिबेलासम्म आयोजनाको समय निकै कम बाँकी थियो । देशरभरबाट प्रसस्त आवेदन परे । आयोजनाले सकेसम्म छिटै नै प्रक्रिया टुंग्यायो तर किसानलाई भने लाभ हुन सकेन । बरु बैंकको ब्याज भारमा थिचिए किसान ।

छनोट प्रक्रियामा धाँधली भएको दाबी गर्दै मुद्दा परेपछि अदालतले काम रोक्न आदेश दिएको छ । तर प्रक्रिया मिलेका उपआयोजनाहरुलाई भुक्तानी दिनू भन्ने अदालतको आशय रहेको किसानहरुको दाबी छ । आयोजनाले भने मुद्दा किनारा नलगाई अनुदान किस्ता भुक्तानी गर्न आनाकानी गर्दै आएको छ । तर्क जे जस्ता भए पनि मारमा पर्ने किसान नै हुन् । जो अहिले पनि यस परियोजनाको सिलौटोमा पिसिएका छन् । आयोजनाको शर्तबमोजिम किसानले कूल उपआयोजना बजेटको ३० प्रतिशत अनिवार्य ऋण लिनुपर्दछ ।

यदि कसैले दुई करोड रुपैयाँको उपआयोजना सञ्चालन गर्न चाहेको भए उसले ६० लाख ऋण लिनुपर्दछ । साठी लाख बैंकबाट ऋण लिएका किसानले यसरी पर्खनुपर्दा हरेक महिना थपिने ब्याज कसले तिर्छ ? के सरकारले यसबारे उचित निर्णय लिनुपर्दैन ? अदालतको निर्णय आउञ्जेलको ब्याज सरकारले मिनाहा गरिदिए हुन्न ? पार्टीका भातृसंगठनहरु के हेर्दैछन् ? किसानकै हकहितका लागि काम गर्ने भनिएका संघसंगठनहरु के गर्दैछन् ?

किसान मासिदै गर्दा थपडी बजाउनेहरु भोट माग्न घर घरमा पुग्दै होलान् । माया गरेर चिनी ख्वाउने पनि जनताको घर घरमा पुगेका होलान् ।

यी सबैको जड हो, आयोजनाले आफ्ना गतिविधिबारे सार्वजनिक रुपमा जानकारी दिनमा कन्जुस्याइँ गर्नु । यो वा त्यो निहुँमा सार्वजनिक सचेतना परामर्श सेवालाई आयोजनाले अस्वीकार गर्‍यो । आयोजना कार्यान्वयन निर्देशिका जसलाई पिम भनेर बुझिन्छ, त्यसमा भएको व्यवस्थालाई नै आयोजनाले लत्यायो ।

यो एउटा प्लेटफार्म हो, जसका माध्यमबाट विभिन्न सरोकारवालाहरुसँग अन्तर क्रिया, छलफल, प्रेस मिट, कार्यशाला गोष्ठी आदि आयोजना गरिन्थ्यो । त्यस्तै सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल, ब्लग, युट्युब आदिमा समाचार, सफलताका कथा, किसानका आवाज, एडिटोरियल, एडभर्टोरियल आदि लेखिन्थे, प्रसारण गरिन्थ्यो । सर्वसाधारणलाई यसबारे जानकारी हुन्थ्यो । जनताका आवाजहरुले ठाउँ पाउँथे । सुशासनका लागि अलिकति भए पनि योगदान पुग्दथ्यो ।

जनताको आवाजले स्थान नपाओस् र शिकार गर्न सजिलो होस् भन्ने हेतूले अनेक बहानाबाजी गरी तत्कालीन आयोजना निर्देशकले सार्वजनिक सचेतना सेवा आवश्यक नभएको निष्कर्ष निकाले । राज्यको चौथो अंगको सेतुका रुपमा स्थापना गरिने सेवा नै अवरुद्ध पारिएपछि मनपरी गर्ने छुट अझ बढ्यो ।

परियोजनामा सरकारका तर्फबाट हस्ताक्षर गर्ने अर्थ मन्त्रालयलाई पनि राष्ट्रबैंकले कृषक समूहलाई कानूनी इकाइका रुपमा लिँदैन र उनीहरुलाई ऋण दिन बैंकहरुलाई बाध्यताकारी अवस्था सिर्जना गर्न सक्दैन भन्ने जानकारी भएजस्तो लाग्दैन । यदि यस्तो जानकारी हुँदो हो त अर्थले हस्ताक्षर गर्दा कृषक समूहले अनिवार्य रुपमा बैंकबाट ऋण लिनुपर्ने व्यवस्था कसरी गर्दथ्यो ?

- बाँकी ३ पेजमा....

# नेपाली टोली २४ घण्टा एअरपोर्टमै



काठमाडौं/ नेपाली राष्ट्रिय यू-१७ पुरुष फुटबल टोली एएफसी यू-१७ एसियन कप २०२३ को छनोट चरणमा सहभागिता जनाएपछि स्वदेश फर्कंदैछ ।

भिएतनामबाट सोमबार प्रस्थान गरेको टोली २४ घण्टा मलेसियाको कुआलालुम्पुर अन्तर्राष्ट्रिय विमानस्थलमा २४ घण्टा ट्रान्जिटमा बसेर मंगलबार रातमा मात्र नेपाल आइपुग्ने भएको छ ।

भिएतनामबाट युवा टोली सोमबार दिउँसो नेपाल समय अनुसार ३ बजेको आसपास मलेसियाको क्वालालम्पुर एयरपोर्टमा ओर्लेको छ । समूह चरणका ३ खेल खेलेर फर्कने पहिला नै तय भएपनि अखिल नेपाल फुटबल संघ (एन्फा) को व्यवस्थापकिय कमजोरीका कारण टोलीले एक दिन एअरपोर्टमै बिताउनु पर्ने भएको छ । टोली मंगलबार रातको ९ बजे काठमाडौं आइपुग्ने एन्फा प्रवक्ता सुरेश शाहले जानकारी दिए ।

टोली २४ घण्टा ट्रान्जिटमा बस्नुपर्ने भएपछि एन्फाले हालसम्म अर्को कुनै व्यवस्था गरेको छैन । सामान्यतया खेलाडीलाई लामो ट्रान्जिट बस्दा होटेलमा राख्ने गरिन्छ । तर यसअघि भिएतनाम जाँदा पनि टोलीले १२ घण्टा विमानस्थलको सामान्य कुर्सीमै बसेर ट्रान्जिट समय काटेको थियो ।

प्रतियोगिताको छनोटमा भने नेपालको प्रदर्शन पुन: एकपटक बिर्सनलायक रहयो । टोली पहिलो खेलमा थाइल्यान्डसँग ३-० र दोस्रो खेलमा आयोजक भियतनामसँग ५-० ले पराजित भएको थियो । अन्तिम खेल नेपालले आइतबार चाइनिज ताइपेसँग खेलेको थियो । जसमा १० खेलाडीमा समेटिएको नेपाल ४-२ ले पराजित भएको थियो । नेपालको समूहबाट भिएतनाम अघि बढ्यो । अघिल्लो महिना यू-१७ टोली साफ यू १७ च्याम्पियनसिपमा उपविजेता भएको थियो । भारतविरुद्धको फाइनल नेपालले ४-० ले गुमाएको थियो । उक्त प्रतियोगिताको समूह चरणमा भने नेपालले भारतमाथि जित हासिल गरेको थियो ।

साफ विजेता भारत एएफसी यू-१७ एसियन कपको अन्तिम प्रतियोगितामा पनि छनोट भयो । आफ्नो समूहको दोस्रो स्थानमा रहेको भारत उत्कृष्ट ६ उपविजेतामा पर्न सफल भयो ।

भारतले ४ खेलमा ३ जित र १ हारको नतिजा निकाल्यो । कुवेतलाई ३-०, माल्दिभ्सलाई ५-० र म्यानमारलाई ४-१ ले हराएको भारत अन्तिम खेलमा साउदी अरबसँग २-१ ले पराजित भयो । अर्को दक्षिण एसियाली राष्ट्र बंगलादेश समूह उपविजेता बनेपनि शीर्ष ६ मा अटाउन सकेन ।

समूह विजेताका रुपमा जापान, मलेसिया, कतार, साउदी अरब, यमन, भिएतनाम, अष्ट्रेलिया, ताजिकिस्तान, इरान र उज्बेकिस्तानले अन्तिम प्रतियोगितामा स्थान बनाए । उत्कृष्ट ६ उपविजेता बन्दै दक्षिण कोरिया, चीन, अफगानिस्तान, भारत, थाइल्याण्ड र लाओसले पनि सन् २०२३ मा हुने प्रतियोगिता खेल्नेछ । बहराइनले आयोजना गर्ने भनेपनि अन्तिम समयमा नाम फिर्ता लिएपछि नयाँ आयोजकको नाम टुंगो लागेको छैन । *-साभार: हाम्रो खेलकुद*

# लक्की नै हुन् त उपासना ?



फिल्म '२ नम्बरी' की अभिनेत्री हुन् उपासनासिंह ठकुरी । उनी अभिनित यो तेस्रो फिल्म हो । गत शुक्रबारबाट प्रदर्शनमा आएको फिल्मले राम्रो व्यवसाय गरिरहेको छ । उपासना एक किसिमले लक्की अभिनेत्री मानिएकी छन् । किनभने अहिलेसम्म अभिनय गरेको तीनवटै फिल्मबाट उनले राम्रो चर्चा पाएकी छन् भने फिल्मले समेत सफलता हात पारेको छ ।

उपासना अनमोल केसी अभिनित फिल्म 'क्याप्टेन' अभिनयमा डेब्यु गरेकी हुन् । डेब्यु फिल्मबाटै राम्रो चर्चा र सफलता हात परेकी उनको दोस्रो फिल्म 'कबड्डी ३' ले पनि राम्रो व्यवसाय गरेको थियो । दुबै फिल्म फ्लप भएपछि फिल्म क्षेत्रमा डिमान्डकी अभिनेत्री बनेकी उनी छानेर मात्रै फिल्म गर्न थालिन् ।

अहिले उनी अभिनित तेस्रो फिल्म '२ नम्बरी' ले पनि बक्स अफिसमा सुखद कमाई गरिरहेको छ । तीन फिल्म रिलिज हुँदा दुबै फिल्म राम्रो भएको कारण अहिले उनलाई फिल्म क्षेत्रमा लक्की अभिनेत्री भनेर भन्न थालिएको छ । उनी भने आफूलाई लक्की मान्दिनन् । फिल्म चल्नुको पछाडिको कारण उनी आफ्नो रोजाइलाई दिन्छन् ।

आफ्नो रोजाई कथावस्तु बलियो भएको फिल्म हुने गरेको उनी बताउँछिन् । 'म आफु लक्की हो भन्ने लाग्दैन' उनले भनिन्- 'मेरो फिल्म चल्नुको कारण मेरो कथावस्तुको छनौट नै हो ।' उपासनाको भनाई जे भएपनि उनी मेकरका लागि भने लक्की साबित भएकी नै हुन् । किनभने उनले अभिनय गरेको तिनै फिल्मका निर्माता सुरक्षित हुने देखिएको छ । -साभार: रातोपाटी

# किसानमारा....

सरकारी नीति नियम र परिपाटीसँग राष्ट्रबैंककै सञ्चालक संस्था अर्थ मन्त्रालय पनि अनभिज्ञ हुनु र त्यही अनभिज्ञतामा टेकेर नीति नियम बनाउनु कत्तिको युक्तिसंगत होला ?

अर्को कुरा जुन कृषक समूहले बैंकबाट ऋण लिएको छ, त्यसले समूहका कुनै सदस्यको अचल सम्पत्ति धितो राखेर लिएको छ । भोलि धितोवालाले मेरो सम्पत्ति राखेर लिएको ऋण हो । त्यसैले म एक्लौटी लाभ लिन्छु भने हामी केही गर्न सकौंला त ? यो पनि अर्को सोचनीय र बेवास्ता गरिएको विषय हो ।

कसैको निजी सम्पत्तिमा बनेका पूर्वाधारको सामूहिक उत्तरदायित्व होला ? व्यक्तिको जग्गामा बन्ने पूर्वाधार, गोठ, कटेरा, भण्डारण गृह आदिको समूहका नाममा नक्सा पास होला ? यस्ता विषयबारे आयोजनाले कहिल्यै कसैलाई जानकारी दिएको छ ? सरकारले लिएको ऋण खर्च गर्दा सबैले जानकारी पाउनुपर्छ कि पर्दैन ? यसबारे सरकारी धारणा के छ ? यी यावत प्रश्न छन् ।

अनि माथि उल्लेखित मन्त्रीले चिनी खवाएका निजी उद्यमीहरु अब के गर्लान् ? हाम्रो उद्देश्य उनीहरुलाई अझ धनी बनाउने कि भएको सम्पत्ति बैंकको लिलाममा पुर्याएर सुकुम्बासी बनाउने हो ? राज्यको उद्देश्य यस्तै हुनुपर्ने हो र ? आयोजनाको अवधि असारमा सकिने सूचना दिइसकिएको छ । परेको मुद्दाको अर्को सुनुवाइ माघ २१ को लागि तोकिएको जानकारीमा आएको छ । मानौं सोही दिन फैसला भए पनि बाँकी अवधिमा उपआयोजनाहरुले काम सक्लान् त ?

आयोजनालाई काम पूरा गर्न पनि केही समय लाग्दछ । त्यसका लागि एउटा निश्चित अवधि प्रतिवेदन तयार पार्न र सरकारी सरसमान तथा कागजपत्र हस्तान्तरण गर्न लाग्दछ । अनि खोइ त उपआयोजनाहरुलाई काम गर्न दिइने अवधि ? कि फैसला भएपछि हरेक महिना भुक्तानी दिएर असारे विकास गरिन्छ ? अथवा त्यो सुनुवाइमा फैसला नभई फेरि अर्को महिना वा अवधिका लागि तारेख थपिएमा किसानको अवस्था के होला ?

भारतको महाराष्ट्रमा जस्तो ऋणको भार सहन नसकी किसानले आत्महत्या गर्न थाले भने यसको जिम्मेवारी कसले लिन्छ ? बैंक, सरकार, अदालत वा परियोजनाले ? हाम्रो कानुनमा हत्या वा आत्महत्याका लागि उकास्ने, दुरुत्साहन गर्ने अथवा घटना घटाउने वातावरण तयार पार्नेलाई दण्डको व्यवस्था छ । किसानलाई आत्महत्याकै अवस्थामा पुर्याउने राज्यका यी अंगमाथि कारबाही होला त ? -साभार: रातोपाटी

# 'नेपालले अन्तर्राष्ट्रिय बजारमा हाइड्रोजन बिक्री गर्न सक्छ'

काठमाडौं/ वातावरण बचाउने मुद्धाका कारण विश्वभर नै अब कार्बन उत्पादन हुने पेट्रोलियम पदार्थको प्रयोगका सीमा तोक्न थालिएको छ । अर्कोतर्फ यी ऊर्जा स्रोतको मूल्य पनि आकाशिँदै छ ।

यही बेलामा अर्थतन्त्रको दिशा विश्वव्यापी रुपमा फरक मोडमा जाने अवस्थामा छ । यो बेलामा ऊर्जाको स्रोतहरु र यसको प्रयोगका सन्दर्भमा विविधताहरु देखा परेका छन् ।

अहिले हामी ठूलो मात्रामा पेट्रोलियम पदार्थको आयात गरेर हाम्रो ऊर्जाको आवश्यकता पूरा गरिरहेका छौं । ठिक यस्तैगरी नेपालले पनि अब हाइड्रोजन उर्जा विश्व बजारलाई बेच्न सक्छ भन्ने काठमाडौं विश्व विद्यालय र विश्वविद्यालयको ग्रिनहाइड्रोजन ल्याबमा काम गरिरहेको हाम्रो टिमको निष्कर्ष थियो र छ । विश्व विद्यालयको यो टिम सबैजना जलविद्युतको मेकानिकल इन्जिनियर हुन् र उनीहरु अझ टर्बाइन प्रविधिका खास जानकार हुन् ।

नेपालमा अब जलविद्युतको सम्भावना छैन भनेर सरकारी निकायले भन्न थालेको बेला हाम्रो टिमले भने जलविद्युतपछि अब हाम्रो भविष्य हाइड्रोजन ऊर्जा उत्पादनमा छ भन्ने निष्कर्ष निकालेको थियो । अहिले कोरियाली कार निर्माता कम्पनी हुण्डाइले हाइड्रोजनबाट चल्ने कार उत्पादन थालेको छ ।

अन्य सवारी उत्पादकले पनि हाइड्रोजनलाई ऊर्जाको रुपमा प्रयोग गर्नेगरी आफ्ना उत्पादनका विविधताहरुमा काम थलेका छन् । तर, तिनीहरु अझै अन्यौलमा छन् कि यो ऊर्जा प्राप्त हुन्छ चाहिं कहाँबाट । हरित हाइड्रोजन ऊर्जामा विश्व नै अध्ययन र छलफलमा लागिरहेका बेला नेपालसँग जलविद्युत् र सफा पानीबाट हाइड्रोजन उत्पादन गर्ने अथाह सम्भवाना छ । हामीले हजारौं मेगावट विद्युत् उत्पादन गर्‍यौं भने जलविद्युतको उक्त सम्भावनालाई हामीले हाइड्रोजन उत्पादनसँग जोड्न सक्छौं । यसको उत्पादन, लागत, विधि र भण्डारणबारे धेरै अध्ययनहरु बाँकी नै छ ।

तर, तत्काल देखिएका कुरा मात्रै गर्ने हो भने नेपालले अहिले खाना पकाउने ग्याँस आयात गरेर आफ्नो ऊर्जाको आवश्याकता पूरा गरे जस्तै गरी विश्वको हरित ऊर्जाको मागलाई नेपालले हाइड्रोजनमार्फत पूरा गर्न सक्छ र यसले देशको भविष्य पनि सुन्दर बनाउँछ । त्यो भनेको अहिलेको खाना पकाउने ग्याँस आयात गरे जस्तै गरी नेपालले पनि विश्व बजारमा हाइड्रोजन बिक्री गर्न सक्छ भन्ने मान्यता र सम्भावना हो ।

अहिले पनि विश्वविद्यालयका विद्यार्थीहरु यसबारे खोजी र अध्ययनमा छन् । कोभिड-१९ महामारीमा असक्सिजनको आवश्यकताका लागि जसरी विभिन्न विकल्पमा छलफल र अवसरहरुको सिर्जना भयो भोलिका दिनमा त्यसैगरी हाइड्रोजनमा पनि यो हुन सक्दछ भन्ने हाम्रो निष्कर्ष हो । हिजो दम दिने स्टोभबाट हामी खाना पकाउन ग्यासँमा रुपन्तरण भयौं भने अब ग्याँस र विद्युतबाट हाइड्रोजनमा जान कुनै कठिनाइ छ जस्तो लाग्दैन ।

जहाँसम्म सुरक्षाको विषय छ यसलाई त्यसको आवश्यकताको आधारमा सुरक्षा प्रणालीको विकास भइनै हाल्छ । हाइड्रोजनको अर्को ब्लक उपयोगको क्षेत्र रासायनिक मल उत्पादनका लागि आवश्यक ऊर्जा हो । हामीले हाइड्रोजन उत्पादन गर्‍यौं र यसलाई ऊर्जाको रुपमा व्यावसायिक रुपमा बिक्री थाल्यौं भने यसले नेपालको रासायनिक मलको मागलाई सम्बोधन गर्न सक्छ ।

विश्व विद्यलयकै एकजना विद्यावारिधि शोधकर्ताको अध्ययनमा नेपालको फलाम खानीको कच्चा पदार्थ पगाल्ने कामका लागि हाइड्रोजन सबै भन्दा उपयुक्त विकल्पको रुपमा रहेको पहिल्याइएको छ । अब हाम्रो खानी क्षेत्रको उत्खनन र प्रशोधनका लागि कार्बनयुक्त ऊर्जा आयात गरेर काम गर्नु पर्ने अवस्थाको अन्त्य हाइड्रोजनले गर्नेछ ।

भारतले आफ्नो फलाम खानीको कच्चा पदार्थ नेपालमा ल्याएर पगाल्ने वातावरण मात्रै बन्यो भने पनि नेपालको ग्रिन हाइड्रोजन अर्थतन्त्रले नयाँ मोड लिने छ । तसर्थ हामी नेपालमा हाइड्रोजन उत्पादन र यसको प्रयोगका सन्दर्भमा विभिन्न कोणबाट अध्ययन र खोज गरिरहेका छौं । जहाँसम्म हाइड्रोजनको सहज उत्पादन र प्रयोगका विषय छन् । यसमा इलेक्ट्रोलाइसिस र यसको लाइफका विषयमा उठेका प्रश्नहरु छन् यो भनेको हाम्रो इन्जिनियरिङ पेशाका लागि नयाँ अवसर हो ।

हाइड्रोजन उत्पादनमा अहिले हामीले मुख्य ध्यान दिएको विषय भनेको नेपालका जलविद्युत् आयोजना र यसको कुल क्षमता भन्दा १० प्रतिशत अतिरिक्त बिजुली उत्पादनमा हो ।

जलविद्युत् आयोजनाले पाएको उत्पादन अनुमतिमा कुल तोकिएको भन्दा १० प्रतिशत बढी बिजुली उत्पादन गर्न पाउने अवस्था छ । तर, त्यो बिजुली व्यावसायिक रुपमा बेच्न पाइन्न ।

विद्युत् प्राधिकरणले मागेको बेलामा आपतमा उपलब्ध गराइने यस्तो बिजुली अहिले नेपालका आयोजनाहरुमा अतिरिक्त रुपमा छन् र यिनीहरु खेर गइरहेका छन् । त्यसैलाई हाइड्रोजन उत्पादनका लागि प्रयोग गर्न हामीले आयोजनहरुसँग कुराकानी गरिरहेका छौं । यसैले मात्रै पनि हाइड्रोजन उत्पादनमा ठूलो सहयोग पुर्‍याउँछ ।

सवारी साधन सञ्चालनका लागि अब विद्युत् प्रमुख ऊर्जाको रुपमा आइरहँदा ठूला र गहकिला सवारी साधनमा विद्युतीय ब्याट्रीबाट चल्न नसक्ने निष्कर्षमा टाटा कम्पनी पुगेको छ । यस्तो अवस्थामा उनीहरुले ट्रक तथा बसका लागि हाइड्रोजन नै उत्तम विकल्पको रुपमा राखेर आफ्ना सवारी साधनमा प्रयाग गरिरहेका छन् । नेपाल भनेको प्रविधि उत्पादन भन्दा पनि प्रयोग गर्ने मुलुक हो ।

अब यस्तो अवस्थामा एक दिन हामीले हाइड्रोजनबाट चल्ने ट्रक र बस किनेर ल्याउने तर त्यसलाई चलाउन हाइड्रोजन पनि किन्ने अवस्था अन्त्य गर्न अहिले पहल र छलफल थालेका हौं । कम्तीमा गाडी किनेर ल्याएपछि त्यसको ऊर्जा त सित्तैमा प्रयोग गर्ने जस्तोगरी आफैले प्रयोग गर्ने अवस्था हामीले सिर्जना गर्नुपर्छ ।

जलविद्युतका सम्भावनाबारे बहस भएको बेला हामीले गम्भीर भएर नसोच्दा यसको उत्पादनमा ६०/७० वर्ष खर्च गर्‍यौं र पनि उपलब्धि अझैं पाए छैनौं । अब हाइड्रोजनमा यस्तो नाहोस् भन्ने हाम्रो चाहना हो । -अनलाइनखबर

# उम्मेदवारले सामाजिक सञ्जालबाट गरेका प्रचारको समेत खर्च विवरण बुझाउनु पर्ने




काठमाडौं/ निर्वाचनका क्रममा उम्मेदवारले सामाजिक सञ्जालबाट गरेका प्रचारप्रसारको खर्चबारे निर्वाचन आयोगमा विवरण बुझाउन पर्ने भएको छ ।

निर्वाचन सम्पन्न भएपछि कानूनबमोजिम पेस गर्ने निर्वाचन खर्च विवरणमा समावेश गर्न राजनीतिक दल र उम्मेदवारलाई आयोगले आग्रह गरेसँगै सामाजिक सञ्जालमा गरिएका प्रचारको खर्च समावेश गर्न पर्ने भएको हो ।


आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गत उम्मेदवारहरूको मनोनयनपत्र दर्ता कार्यक्रम सम्पन्न भएसँगै विभिन्न राजनीतिक दल र उम्मेदवारहरूबाट सामाजिक सञ्जालको समेत प्रयोग गरी प्रचार प्रसार र विज्ञापन हुन थालेको छ ।

आयोगले जारी गरेको 'निर्वाचन व्यवस्थापनमा सामाजिक सञ्जालको उपयोग सम्बन्धी नीति, २०७७' बमोजिम निर्वाचनका सबै चरण र प्रक्रियामा सामाजिक सञ्जालको समुचित उपयोग गरिने जनाइएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सोमबार विज्ञप्ति जारी सामाजिक सञ्जालमा सम्प्रेषित सूचना सामग्रीको प्रभावकारी नियमन, अनुगमन तथा मूल्यांकनसम्बन्धी आयोगको सचिवालय र अन्तर्गतका कार्यालयसमेतको संयन्त्र बनाई नीतिको कार्ययोजनाबमोजिम भए गरेका काम कारबाहीको निरन्तर अनुगमन र मूल्यांकन गर्ने कार्य भइरहेको जनाए ।

आयोगले प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का लागि आयोगले राजनीतिक दल र उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको हद निर्धारण गरिसकेको छ । निर्वाचन आचारसंहिता, २०७९ को दफा १६ मा राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन खर्चसम्बन्धी पालना गर्नुपर्ने आचरणहरूको व्यवस्था गरिएको छ ।

सामाजिक सञ्जालबाट गरिने विज्ञापनको खर्चबारे उम्मेदवारले निर्वाचन सम्पन्न भएपछि कानूनबमोजिम पेस गर्ने निर्वाचन खर्च विवरणमा समावेश गरे नगरेको बारे आयोगको अनुगमन संयन्त्रमा रहेको अभिलेखसँग भिडाई परीक्षण गरिने भएकाले सामाजिक सञ्जालमार्फत हुने विज्ञापनका सबै खर्च विवरणसमेत चुस्तदुरुस्त राख्न सम्बन्धित सबै राजनीतिक दल र उम्मेदवारलाई आयोगले आग्रह गरेको हो ।

# करिश्माले पोखिन् एमालेसँग असन्तुष्टि



काठमाडौं/ नेकपा एमालेबाट टिकट नपाएपछि अभिनेत्री समेत रहेकी नेतृ करिश्मा मानन्धर उर्फ सूर्यकुमारीले असन्तुष्टि पोखेकी छन् ।

सोमबार बिहान सामाजिक सञ्जाल फेसबुकमा तस्बिर पोष्ट गर्दै करिश्माले टिकट नपाएकोमा असन्तुष्टि पोखेकी हुन् । उनले फेसबुकमा लेखेकी छन्, 'विद्रोह नगर्ने स्वभाव रह्यो । नगर्दा पनि भगवानले सबै दिए । तर आज महसुस हुँदै छ !' बन्द कोठामा बस्नुभन्दा बाहिर निस्केर श्वास फेर्नु राम्रो ।' करिश्मा ललितपुर-१ की बासिन्दा हुन् । २०७८ साल चैत ८ गते एमाले प्रवेश गरेकी करिश्माले त्यसलगत्तै आफ्नो वास्तविक नाम सुर्यकुमारी भएको सार्वजनिक गरेकी थिइन् । -रातोपाटीबाट

# जलस्रोत मन्त्रालयको टोली चन्द्रागिरिमा

काठमाडौं/ अघिल्लो साता परेको अविरल वर्षाका कारण चन्द्रागिरि नगरपालिकाका धेरै स्थानमा भौतिक क्षति पुगेपछि त्यसको थप अध्ययन गर्न संघीय सरकारको टोली प्रभावित स्थानमा पुगेको छ ।

नगरपालिका-३ स्थित देउराली, माथिल्लो मसिने, तल्लो मसिने र ढुङ्गेनीमा बढी नोक्सान भएको पालिकाकी वरिष्ठ अधिकृत भद्रा अर्यालले बताइन् । 'इन्द्रथान जाने सडक र कंकाली माध्यमिक विद्यालयको आवसीय भवन परिसरमा सर्वाधिक क्षति भएको छ,' निरीक्षणपछि उनले भनिन् ।

निरीक्षणमा उनीसहित जलस्रोत तथा ऊर्जा मन्त्रालयका प्राविधिकहरु सहभागी थिए । विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद पनेरुले



आवासीय भवन पछाडिको करिब ७५ फिट जमिन भासिँदा भवन नै जोखिममा परेको बताए । 'थप क्षति हुन नदिन तत्काल घेराबारा लगाउनुपर्ने स्थिति छ', उनले भने ।

नगरपालिका-१३ र १५ मा डेढ सयभन्दा बढी घर डुबानमा परेको पनि अर्यालले बताए । खासगरी खोला किनारका बस्तीहरुमा १७ वर्षयताकै सर्वाधिक ठूलो बाढी आएका कारण यस्तो डुबान भएको उनको भनाइ छ । पानीले घना रूखबिरुवा भएका स्थानहरुमा समेत पहिरो गएका र कतिपय पहिराको सम्भावना नभएका बस्तीमा समेत घर जोखिममा पर्ने गरी पहिरो गएको उनले बताए ।

नगरपालिकाको एक महत्पूर्ण पर्यटकीय स्थल इन्द्रथान जाने बाटोका दर्जनौं स्थानमा पहिरो गएको र खुलाउनका लागि डोजर प्रयोग गरिएको जानकारी पनि अधिकृत अर्यालले दिए । 'आजसम्म पनि सबै स्थानको पहिरो पन्छाउन सकिएको छैन । डोजरको सहायताले आवागमन खुलाउन खोजिरहेका छौँ', उनले भने ।

बर्सातकै क्रममा देउरालीमा पहिरो जाँदा एकै घरका तीनजनाको मृत्यु भएको थियो । नगरपालिकाले मृतकका परिवारलाई काजकिरिया खर्च एवं तत्कालीन राहतका रूपमा ५० हजार दिने नगरपालिकाका प्रमुख घनश्याम गिरीले जानकारी दिए । राहत र उद्धारका सबै व्यवस्थापन नगरपालिकाले मात्र गर्न नसक्ने भएकाले संघीय सरकारलाई पत्राचार गरिएको पनि उनले बताए । -रासस

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# मकवानपुरमा १० प्रतिशतमात्रै महिला उम्मेदवार

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ आसन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि मकवानपुरबाट कुल उम्मेदवारमध्ये १० प्रतिशत मात्रै महिला उम्मेदवार बनेका छन् ।

संसारकै आधा आकाश ढोकेका महिलाहरुको निर्वाचनमा उपस्थिति भने न्युन देखिएको हो । आसन्न प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनको लागि मकवानपुरबाट कुल ६९ जनाले उम्मेदवारी दर्ता गराएका छन् । तीमध्ये महिला उम्मेदवार १० प्रतिशत मात्रै रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले दिएको जानकारी दिएको छ । कार्यालयको अनुसार प्रत्यक्षतर्फ प्रतिनिधि सभामा मकवानपुरबाट एक जानमात्रै महिलाको उम्मेदवारी रहेको छ । प्रतिनिधि सभामा मकवानपुरको क्षेत्र न १ बाट नेपाली काँग्रेस नेतृ महालक्ष्मी उपाध्याय डिनाको उम्मेदवारी रहेको हो । यसैगरी प्रदेश सभातर्फ भने ६ जना महिलाको उम्मेदवारी परेको छ ।

जसमा कुमारी मोक्तान १ जनामात्रै राजनीतिक दलबाट उम्मेवार बनेकी हुन् भने अन्य ५ जना स्वतन्त्र उम्मेदवार हुन् । मकवानपुरको प्रतिनिधि सभा २ को प्रदेश सभा 'ख' मा लक्ष्मी गुरुङ, निर्मला गौतमले नेपाली काँग्रेस छाडेर स्वतन्त्र उम्मेदवारी दिएका छन् । कमला गौतम र लक्ष्मी अधिकारी लामिछानेले पनि प्रदेश सभा २ को 'ख' तर्फ स्वतन्त्रण उम्मेदवारी दिएका हुन् । यसैगरी प्रतिनिधि सभा २ को प्रदेश सभा 'ख' बाट चुनावी मैदानमा आउने गरी शान्ति दाहालले पनि स्वतन्त्र उम्मेदवारी दिएकी छिन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाए अनुसार मकवानपुर जिल्लामा प्रतिनिधि सभातर्फ क्षेत्र १ मा २ स्वतन्त्र समेत गरी १६ जनाले उम्मेदवारी दिएका छन् । भने प्रतिनिधि सभाको क्षेत्र २ मा १ स्वतन्त्र समेत गरी १० जनाको उम्मेदवारी परेको छ । यता प्रदेश सभातर्फभने ४ क्षेत्रमा ४३ जनाको उम्मेदवारी परेको छ । जसमा १४ जना स्वतन्त्र उम्मेदवार रहेका छन् । प्रदेश सभा १ को क मा ३ जना, 'ख' मा ६ जना तथा प्रदेश सभा २ को 'क' मा २ जनार ख मा ३ जना स्वतन्त्र उम्मेदवार रहेका छन् ।

गठबन्धनको कारण महिला उम्मेवदार कम भएको दलहरुले बताएका छन् । मकवानपुर-१ को प्रतिनिधिसभाको उम्मेदवारसमेत रहेकी नेपाली कांग्रेसको केन्द्रिय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाले पनि गठबन्धनको कारण महिला उम्मेदवारको संख्या घटेको बताइन् । उनले गठबन्धनमा सिट बाँडफाड गर्न महिला उम्मेदवारहरुको संख्या घट्न गएको बताइन् ।

डिनाले कतिपय अवस्थामा राजनीतिक दलहरुले पनि महिलालाई समानुपातिकमा मात्रै सीमित गर्न खोज्ने गरेको समेत बताइन् । महिलाको सिट सुरक्षित गर्नको लागि आफू प्रत्यक्षमा आएको नेपाली काँग्रेस नेतृ महालक्ष्मी उपाध्यायले बताइन् ।

## २८ लाख भारूसहित तीन महिला पक्राउ

वीरगन्ज, असोज २४/ कुल २८ लाख ५६ हजार भारतीय नोटसहित वीरगन्जबाट तीन महिलालाई पर्सा प्रहरीले पक्राउ गरेको छ ।

वडा प्रहरी कार्यालय बिर्ता तथा प्रहरी चौकी इनर्वा नाकाको प्रहरी टोलीले वीरगन्जको रजतजयन्ती चोकबाट सो रकमसहित ती महिलालाई पक्राउ गरेको जनाएको छ ।

पक्राउ पर्नेमा नुवाकोट शिखरवेसी-७ बस्ने ४५ वर्षीया अनिता तामाङ, धादिङकी ३० वर्षीया मञ्जु तामाङ र नुवाकोट शिखावेसी-७ बस्ने ४४ वर्षीया सरिता अग्रवाल रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

-रासस

## संविधान मिच्नेलाई परास्त पार्न सबैखाले शक्ति परिचालन गर्ने गठबन्धनको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ सत्तारुढ गठबन्धनमा आबद्ध तीन ठूला राजनीतिक दलको बैठकले अबको निर्वाचनमा संविधान मिच्ने पक्षधरलाई परास्त पार्न सबैखाले शक्ति परिचालन गर्ने निर्णय गरेको छ ।

सोमबार बिहान मनहरीमा मकवानपुर प्रतिनिधि सभा क्षेत्र २ अन्तर्गतका दलका नेताहरुको उपस्थितिमा बसेको बैठकले उक्त निर्णय गरेको हो । बैठकले तत्कालीन प्रधानमन्त्री एबम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले संसद विघटन गरेपछि लोकतान्त्रिक शक्ति र इमान्दार बामपन्थी शक्तिहरु एक भएर संविधान रक्षाका लागि गठबन्धन गरेको स्मरण गराउँदै अबको निर्वाचनमा संविधान मिच्ने पक्षधरलाई परास्त पार्न सबैखाले शक्ति परिचालन गर्ने निर्णय गरेको जनाइएको छ ।

बैठकले ओली र ओलीका अगुवापछुवाहरु विभिन्न बहानामा जनतामाझ आउने र गठबन्धन दलप्रति भ्रम फिजाउन सक्नेतर्फ चनाखो हुनुपर्ने भन्दै संविधान रक्षा गर्ने शक्तिहरु एक भएर मंसीर ४ गतेको निर्वाचनमा संविधान विरोधी शक्तिलाई परास्त गर्नुपर्ने सन्देश



वडा र तल्लो तहमा समेत पुऱ्याउन आ-आफ्ना दलहरुमार्फत भूमिका निर्वाह गर्ने र छिट्टै संयुक्त बैठक बस्ने तयारी समेत गर्ने निर्णय गरेको छ । कमल थापासँग मिलेर संविधान बन्न नदिने, राजतन्त्रको वकालत गर्ने र जन आन्दोलन दबाउने व्यक्तिलाई एमालेले बोकेर आफ्नो राजतन्त्रप्रतिको मोह प्रकट गरेकोबारे पनि बैठकमा चर्चा भएको छ ।

गठबन्धनमा भएका बिगतका केही कमी कमजोरीलाई सच्याएर लैजाने र तत्कालै बैठक, छलफलहरु एकल र सामूहिक रुपमा राखेर जनतालाई एमालेले छर्न सक्ने भ्रमप्रति सचेत हुनका लागि आग्रह गर्ने बैठकले निर्णय गरेको छ ।

बैठकमा नेकपा माओवादी केन्द्र प्रतिनिधिसभा २ का इन्चार्ज बीरबहादुर घलान ज्वाला, नेकपा एकीकृत समाजवादीका प्रतिनिधि सभा २ का संयोजक भूमिनन्द अर्याल, प्रदेश ख कमिटी संयोजक टंकबहादुर मुक्तान नेपाली काँग्रेस जिल्ला सदस्य नुरोज कुमार पौडेल, नेपाली काँग्रेस मनहरीका सभापति प्रकाश बर्तौला, माओवादी केन्द्रका मनहरी गाउँ कमिटी उपाध्यक्ष दिलबहादुर स्याङ्बो लगायत नेताहरुको सहभागिता रहेको थियो ।

# मकवानपुरमा ६ पदका लागि ६९ जनाको उम्मेदवारी

साझाकुरा संवाददाता

हेटौंडा, २४ असोज/ मकवानपुरको दुई वटा प्रतिनिधिसभा क्षेत्र र ४ वटा प्रदेशसभा क्षेत्रमा गरी कुल ६९ जनाको उम्मेदवारी परेको छ ।

आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि २३ असोज आइतबार मनोनयन दर्ताको समय थियो । हेटौंडा-२, स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा राजनीतिक दलदेखि स्वतन्त्रहरुले उम्मेदवारी दिएका छन् ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार प्रतिनिधिसभा क्षेत्र नम्बर १ र २ नम्बर क्षेत्रमा गरी २६ जनाले उम्मेदवारी दिएका छन् । हेटौंडाको १५ वटा वडा, बागमती गाउँपालिका, बकैया गाउँपालिका र मकवानपुरगढीको ४ वटा वडा रहेको १ नम्बर क्षेत्रमा १६ जनाले उम्मेदवारी दिएका छन् ।

हेटौंडाको ४ वटा वडा, थाहा नगरपालिका, मनहरी, राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी र मकवानपुरगढी गाउँपालिकाको ४ वटा वडा रहेको २ नम्बर क्षेत्रमा १० जनाको उम्मेदवारी परेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा नेकपा एमालेको तर्फबाट राप्रपा नेपालका अध्यक्ष कमल थापा,




गठबन्धनको तर्फबाट नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय (डिना), राप्रपाका केन्द्रीय सदस्य दिपकबहादुर सिंह, हाम्रो नेपाली पार्टीका दिपेन्द्र सिंह ठकुरी, राष्ट्रिय स्वतन्त्र पार्टीका टिकराम थापालगायतले उम्मेदवारी दिएका छन् ।

प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा एमालेबाट बागमती प्रदेश कमिटीका उपसचिव महेशकुमार बर्तौला, गठबन्धनबाट नेकपा (एकिकृत समाजवादी)का स्थायी कमिटी सदस्य तथा पूर्वमन्त्री विरोध खतिवडा, राष्ट्रिय स्वतन्त्र पार्टीका भरत पराजुली, राप्रपाका राजन मैनालीलगायतले उम्मेदवारी दर्ता गरेका छन् ।

मकवानपुरमा ४ वटा प्रदेशसभा निर्वाचन क्षेत्रमा ४३ जनाले उम्मेदवारी दिएका छन् । प्रदेशसभातर्फ मकवानपुर क्षेत्र नम्बर १ (क) बाट सत्ता गठबन्धनबाट प्रेमबहादुर पुलामी, एमालेबाट कमल बहादुर विष्ट, राप्रपाबाट सागर थापा, जनता समाजवादी पार्टीबाट मेजर मान मोक्तानले उम्मेदवारी दिएका छन् । प्रदेशसभातर्फ १ (ख)मा सत्ता गठबन्धनबाट कांग्रेसका आनन्दराम पौडेल, एमालेबाट एकालाल श्रेष्ठ, राप्रपाबाट गुञ्जनबहादुर न्यौपाने, जनता समाजवादी पार्टीबाट दीपक सिन्तानले उम्मेदवारी दिएका छन् ।

प्रदेशसभा निर्वाचन क्षेत्र २ (क) का लागि सत्ता गठबन्त्रधनबाट माओवादी केन्द्रकी कुमारी मोक्तान, एमालेबाट विष्णु प्रसाद ढकाल, राप्रपाबाट राम बहादुर घलेले उम्मेदवारी दिएका छन् । प्रदेशसभातर्फ क्षेत्र नम्बर-२ (ख)का लागि सत्ता गठबन्धनबाट कांग्रेसका इन्द्रबहादुर बानियाँ, राप्रपाबाट बद्रि बहादुर खड्का, एमालेबाट लालबहादुर थापा, जनता समाजवादी पार्टीबाट पुनाथ तिमल्सिनाले उम्मेदवारी दिएको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ ।

## डेंगुबाट मृत्यु हुनेको संख्या ४४ पुग्यो

काठमाडौं/ नेपालमा डेंगु संक्रमणबाट पछिल्लो २४ घण्टामा दुई जनाको मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सोमबार डेंगु संक्रमणबाट दुई जनाको मृत्यु भएको हो । यो सँगै साउनयता डेंगुबाट मृत्यु हुनेको संख्या ४४ पुगेको छ । आइतबार डेंगुबाट मृत्यु हुनेको संख्या ४२ थियो । मन्त्रालयको पछिल्लो तथ्यांक अनुसार साउनयता ३३ हजार ९७५ जनामा डेंगु संक्रमण भइसकेको छ । हाल मुस्ताङबाहेक सबै जिल्ला देखिएको डेंगु संक्रमणबाट सबैभन्दा बढी काठमाडौं उपत्यकाका जिल्ला बढी प्रभावित छन् ।

मन्त्रालयका अनुसार नेपालमा पहिलो पटक सन् २००४ मा नेपालमा डेंगुका बिरामी देखिएको थिए । सन् २००४ पछि हरेक वर्ष डेंगुको संक्रमण देखिँदै आएको स्वास्थ्य तथा मन्त्रालयले जनाएको छ ।


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
सेवाहरु:



☞कार वास भित्र/बाहिर
☞वाइरिङ मर्मत
☞A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




कोभिड-१९ को जोखिम कायमै छ

यसबाट बच्न र बचाउन:
- सही तरिकाले मास्क लगाऔं ।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं ।
- खोक्दा वा हाच्छिँयू गर्दा नाक, मुख छोप्ने गरौं ।
- घर तथा कार्यालयको नियमित सेनेटाइज गरौं ।
- हावा ओहोरदोहोर नहुने स्थान र भीडभाडमा नजाऔं ।
- अनावश्यक भीडभाड नगरौं ।
- कोभिड-१९ विरुद्धको खोप तथा बुष्टर डोज लगाऔं ।
- कोभिडको लक्षण देखिएमा समयमा नै परीक्षण गरौं ।

सतर्क र सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पसल बिक्रीमा

स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।

फोन नं.: ९८४५४८७२३२

प्राइम लाइफ

प्रधान कार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरासमेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| ०१. | १५१०००७५३९ | रामेश्वर राउत कुर्मी | इसरपुर-०३,सर्लाही |




HETAUDA CITY HOSPITAL PVT.LTD.
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.








साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना